जलस्रोत तथा ऊर्जा क्षेत्रसँग सम्बन्धित अनुसन्धान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

नेपाल सरकार

जल तथा ऊर्जा आयोगको सचिवालय

जलबिज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र

ववरमहल, काठमाडौं

२०८३

जलस्रोत तथा ऊर्जा क्षेत्रसँग सम्बन्धित अनुसन्धान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

प्रस्तावनाः

जलस्रोत तथा ऊर्जा क्षेत्रको संरक्षण, उपयोग, विकास र व्यवस्थापनमा इन्टर्न, शोध तथा अनुसन्धान सम्बन्धी कार्यका लागि विश्वविद्यालय तथा अध्ययन संस्थानमा स्नातकोत्तर तथा विद्यावारिधी तहमा अध्ययनरत विद्यार्थी एवम् अनुसन्धानकर्तालाई परिचालन गरी अनुसन्धान कार्यलाई व्यवस्थित, मितव्ययी, प्रभावकारी र उपलब्धिमूलक बनाउन आवश्यक भएकाले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकारको प्रयोग गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले यो कार्यविधि बनाएको छ।

परिच्छेद - १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "जलस्रोत तथा ऊर्जा क्षेत्रसँग सम्बन्धित अनुसन्धान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुसन्धानकर्ता" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा अध्ययन संस्थानमा जलस्रोत तथा ऊर्जा क्षेत्रसँग सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर गरेको व्यक्ति वा सोभन्दा माथिको उपाधि हासिल गरेको व्यक्ति सम्झनु पर्छ।

(ख) "आयोगको सचिवालय" भन्नाले जल तथा ऊर्जा आयोगको सचिवालय सम्झनु पर्छ।

(ग) "केन्द्र" भन्नाले जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र सम्झनु पर्छ।

(घ) "जलस्रोत तथा ऊर्जा क्षेत्र" भन्नाले सतह वा भूमिगत जलस्रोत, जलस्रोत व्यवस्थापन, एकीकृत जलस्रोत व्यवस्थापन, जल तथा जलवायू विज्ञान, हिमताल, हिमनदी, जलउत्पन्न प्रकोप व्यवस्थापन, जलवायू परिवर्तन, सिँचाइ, जलविद्युत, खानेपानी, जल यातायात, भौगर्भिक विज्ञान, भौगोलिक सूचना प्राणाली (जि.आइ.एस.), रिमोट सेन्सिङ्ग, बिजुली, हावा, सौर्य वा अन्य स्रोतबाट प्राप्त हुने ऊर्जाको अनुसन्धान, विकास वा व्यवस्थापनसँग सम्बन्धित विषयलाई सम्झनु पर्छ।

(ङ) "इन्टर्न" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा अध्ययन संस्थानमा जलस्रोत तथा ऊर्जा क्षेत्रसँग सम्बन्धित विषयमा स्नातकोत्तर तहको अन्तिम वर्षमा वा बिद्यावारिधी तहमा अध्ययनरत विद्यार्थी सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय सम्झनु पर्छ।

(छ) "विश्वविद्यालय वा अध्ययन संस्थान" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त जलस्रोत तथा ऊर्जा क्षेत्रसँग सम्बन्धित विषयमा स्नातकोत्तर वा विद्यावारिधि तहको अध्ययन कार्यक्रम सञ्चालन गर्दै गरेका संस्था सम्झनु पर्छ।

(ज) "विषयगत क्षेत्र (थिमेटिक एरिया)" भन्नाले जलस्रोत तथा ऊर्जा क्षेत्रको विषयगत क्षेत्रलाई सम्झनु पर्छ।

(झ) "शोधकर्ता" भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयमा जलस्रोत तथा ऊर्जा क्षेत्रसँग सम्बन्धित विषयमा विद्यावारिधि गर्दै गरेका व्यक्ति सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले दफा ३ बमोजिमको कार्यक्रम सञ्चालन समिति सम्झनु पर्छ।

(ट) "सुपरिवेक्षक" भन्नाले शोधकर्ता, अनुसन्धानकर्ता वा इन्टर्नलाई फिल्डमा वा केन्द्रको कार्यालयमा सुपरिवेक्षण गर्न केन्द्रले तोकेको नेपाल सरकारको अधिकृत कर्मचारी सम्झनु पर्छ।

परिच्छेद -२

कार्यक्रम सञ्चालन समितिको गठन र सञ्चालन

३. कार्यक्रम सञ्चालन समितिको गठन : (१) अनुसन्धान कार्यक्रमको लागि देहाय बमोजिमको समिति गठन हुनेछः-

(क) कार्यकारी निर्देशक वा निजले तोकेको केन्द्रको उपकार्यकारी निर्देशक - संयोजक

(ख) प्रमुख, भौगर्भिक तथा जलउत्पन्न विपद अनुसन्धान शाखा - सदस्य

(ग) प्रतिनिधि, उपसचिव (कानून), आयोगको सचिवालय -सदस्य

(घ) प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य

(ङ) प्रमुख, योजना अनुसन्धान तथा नवप्रवर्तन शाखा - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्नेछ।

४. कार्यक्रम सञ्चालन समितिको काम र कर्तव्य : कार्यक्रम सञ्चालन समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको स्वीकृत कार्यक्रम बमोजिम अनुसन्धानकर्ता, शोधकर्ता वा इन्टर्न खटाउने प्रयोजनका लागि विषयगत क्षेत्रमा सङ्ख्या निर्धारण गर्ने।

(ख) अनुसन्धानकर्ता, शोधकर्ता वा इन्टर्न परिचालन गर्ने, विषयगत क्षेत्र वा उपक्षेत्र निर्धारण गर्ने।

(ग) मन्त्रालय वा अन्तर्गतका विभाग, आयोग, सम्बन्धित निकाय तथा विश्वविद्यालय वा अध्ययन संस्थानसँग आवश्यकता अनुसार समन्वय गर्ने।

(घ) आयोगको सचिवालयले तोके बमोजिमका अन्य कार्य गर्ने।

परिच्छेद -३

इन्टर्न छनौट प्रक्रिया

५. प्रस्ताव माग गर्ने : (१) केन्द्रले इन्टर्नको संख्या तोक्नेछ।

(२) केन्द्रले कम्तिमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी विश्वविद्यालय वा अध्ययन संस्थानमा अध्ययनरत इच्छुक र योग्य विद्यार्थीबाट प्रस्ताव माग गर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रस्तावमा अनुसूची-१ बमोजिमका विवरणहरू समावेश गरी तयार गर्नु पर्नेछ।

(४) केन्द्रले उपदफा (२) बमोजिम प्राप्त प्रस्ताव भएको आधारमा इच्छुक विद्यार्थी र सोसँग सम्बन्धित विश्वविद्यालय वा अध्ययन संस्थानको सूची तयार गर्नेछ।

६. इन्टर्न छनौट गर्ने : (१) समितिले इन्टर्नको छनौट अनुसूची-२ बमोजिमका सूचकका आधारमा गर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौट भई इन्टर्नशिप गरिसकेका इन्टर्नलाई पुनः छनौट गरिनेछैन।

(३) यस दफामा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि इन्टर्नको रूपमा छनौट भएको व्यक्तिलाई शोधकर्ता वा अनुसन्धानकर्ताको रूपमा छनौट गर्न बाधा पुग्ने छैन।

परिच्छेद - ४

अनुसन्धान तथा शोधकर्ता छनौट प्रक्रिया

७. प्रस्ताव माग गर्ने : (१) केन्द्रले अनुसन्धान वा शोधकर्ता सङ्ख्या तोक्नेछ।

(२) उपदफा (१) बमोजिमका अनुसन्धान वा सोधकर्ता छनौटका लागि केन्द्रले कम्तिमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रस्तावमा प्रस्तावकले अनुसूची-१ मा उल्लिखित विवरण समावेश गरी पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको पेश भएको प्रस्तावको आधारमा केन्द्रले अनुसन्धान वा शोधकर्ताको सूची तयार गर्नेछ।

८. अनुसन्धानकर्ता छनौट गर्ने : (१) अनुसन्धानकर्ताबाट प्राप्त प्रस्तावको मूल्याङ्कन गरी छनौट गर्ने कार्य दफा ३ बमोजिमको समितिले गर्नेछ।

(२) उपदफा (१) बमोजिमका प्रस्तावको मुल्याङ्कन अनुसूची-३ अनुसार हुनेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित क्षेत्रमा कम्तीमा दुई वर्षको अनुसन्धान अनुभव र दुईवटा राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा डिजिटल अब्जेक्ट आइडेन्टिफायर (डि.ओ.आई.) अनुसन्धानपत्र प्रकाशन नगरेको व्यक्तिलाई अनुसन्धानकर्ताको रूपमा छनौट गरिने छैन।

९. सोधकर्ता छनौट गर्ने : (१) सोधकर्ताबाट प्राप्त प्रस्तावको मूल्याङ्कन गरी छनौट गर्ने कार्य दफा ३ बमोजिमको समितिले गर्नेछ।

(२) उपदफा (१) बमोजिमका प्रस्तावको मूल्याङ्कन अनुसूची-४ बमोजिम हुनेछ।

(४) विद्यावारिधि तहको वृत्तिका लागि विश्वविद्यालयमा भर्ना भएका शोधार्थीले दफा ७ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्न सक्नेछन्।

(५) विद्यावारिधिका लागि विश्वविद्यालयमा दर्ता गरेको शोध प्रस्ताव विश्वविद्यालयको सम्बन्धित निकायले स्वीकृत गरेको मितिले सूचनाको म्याद समाप्त हुने मिति सम्ममा एक वर्ष पूरा भई नसकेका शोधार्थी शोध अनुदानको लागि आवेदन दिन योग्य हुनेछन्।

(६) यसरी आवेदन दिंदा अनुसूची-४ मा उल्लेखित कागजात पेश गर्नु पर्ने छ।

परिच्छेद - ५

शोधकर्तालाई दिइने अनुदान सम्बन्धी व्यवस्था

१०. अनुदान उपलब्ध गराउने सक्ने : (१) केन्द्रले शोधकर्ताकर्तालाई विद्यावारिधि तहको अनुसन्धानका लागि अनुदान सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान सहयोग उपलब्ध गराउँदा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सो अन्तर्गतका संस्थाबाट अनुदान लिएको भएमा त्यस्तो अनुदानसँग दोहोरो नपर्ने गरी उपलब्ध गराउनु पर्नेछ।

(३) विद्यावारिधि तहको शोध अनुसन्धान अनुदान सहयोग अन्तर्गत बढीमा अठार लाख रुपैया सम्म सहयोग उपलब्ध गराउन सकिनेछ।

(४) शोधकर्ताले शोधकार्यको प्रगति प्रतिवेदन (प्रोगेश रिपोर्ट) प्रत्येक तीन महिनामा केन्द्रमा पेश गर्नुपर्नेछ।

(५) उप्दफा (१) बमोजिमको अनुदान केन्द्रले चार किस्तामा भुक्तानी गर्ने छ।

(५) शोधकर्ताले शोधकार्य सकिएको तीन महिनाभित्र शोधपत्र केन्द्रमा बुझाउनु पर्नेछ।

(६) शोधकर्ताले आफ्नो शोधपत्र अन्तर्राष्ट्रिय ख्यातिप्राप्त जर्नलमा प्रकाशन गर्नु पर्नेछ।

परिच्छेद - ६

इन्टर्न, अनुसन्धानकर्ता तथा शोधकर्ता परिचालन सम्बन्धी व्यवस्था

११. सरकारी कर्मचारीले अनुसन्धान गर्न सक्ने : (१) कुनै सरकारी कर्मचारीले इन्टर्न तथा अनुसन्धानकर्ताको रूपमा कार्य गर्न चाहेमा आफु कार्यरत निकायको पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य कार्यालय समय बाहेकको समयमा गर्दा कार्यरत निकायलाई जानकारी दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम इन्टर्न वा अनुसन्धानकर्ताको कार्य गर्न चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको विवरण समावेश गरी केन्द्र समक्ष प्रस्ताव पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रस्ताव समितिले मूल्याङ्कन गरी केन्द्रमा सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस भए पश्चात केन्द्रले स्वीकृतिको लागि आवश्यकताअनुसार मन्त्रालय वा आयोगको सचिवालय समक्ष पेश गर्न सक्नेछ।

१२. केन्द्रको भूमिका र जिम्मेवारी : केन्द्रको भूमिका र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) केन्द्रले अनुसन्धानको विषयवस्तुको लागि स्पष्ट कार्य विवरण, आवश्यक तथ्याङ्क र विज्ञ परामर्श (टेक्निकल मेन्टरसिप) उपलब्ध गराउने,

नेपाल सरकार
२०७४

ना. विराज मान श्रेष्ठ

(ख) केन्द्रले इन्टर्न, अनुसन्धानकर्ता तथा शोधकर्तालाई आवश्यक भत्ता, भ्रमण खर्च, कार्यस्थल (वर्कस्पेस) र स्थलगत कार्य (फिल्डवर्क) को अवसर उपलब्ध गराउनेछ। साथै, शैक्षिक संस्थाले आफ्नो पुस्तकालय, प्रयोगशाला (ल्याब), डाटाबेस र अन्य शैक्षिक संरचनाको पहुँच प्रदान गरी अनुसन्धानमा आवश्यक सहयोग गर्ने।

१३. <u>शैक्षिक संस्थासँग समझदारी गर्ने</u> : (१) केन्द्रले शैक्षिक संस्थासँग समझदारी गरी इन्टर्न, अनुसन्धानकर्ता वा शोधकर्ता छनौट र परिचालन गर्न सक्नेछ।

(२) केन्द्रले उपदफा (१) बमोजिम समझदारी गर्दा अनुसन्धानको विषयवस्तु, इन्टर्न, अनुसन्धानकर्ता वा शोधकर्ताको योग्यता र कार्य विवरण, परिचालित सङ्ख्या, अनुसन्धानको अवधि, छनौट विधि तथा दुवै निकायको दायित्व उल्लेख गर्नु पर्नेछ।

१४. <u>सम्झौता गर्ने</u> : (१) केन्द्रले दफा ६ बमोजिम छनौट भएको प्रोजेक्ट इन्टर्न र दफा ८, ९ र ११ बमोजिम छनौट भएको शोधकर्ता तथा अनुसन्धानकर्तासँग सम्झौता गरी कार्य विवरण तोक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा छनौट भएको इन्टर्न, अनुसन्धानकर्ता तथा शोधकर्ताले अनुसूची-१ बमोजिमका कागजातको सक्कल प्रति पेश गर्नुपर्नेछ।

१५. <u>इन्टर्न, अनुसन्धानकर्ता तथा शोधकर्ताको कार्यविवरण तोक्ने</u> : (१) केन्द्रले इन्टर्न, अनुसन्धानकर्ता तथा शोधकर्ताको कार्यविवरण देहाय बमोजिम हुने गरी तोक्नु पर्नेछः-

(क) केन्द्रको कार्यालय, कार्यक्रम वा विषयगत क्षेत्रमा रही तोकिएको अवधिसम्म कामकाज गर्नुपर्ने,

(ख) केन्द्रको कार्यालयको काम वा कार्यक्रम कार्यान्वयन गर्न सहयोग, समन्वय र सहजिकरण लगायतका काम गर्ने,

(ग) सम्बन्धित कार्यक्रम तथा क्रियाकलापको तथ्याङ्क वा सूचना सङ्कलन, विश्लेषण र प्रतिवेदन तयार गर्ने,

(घ) जलस्रोतका विभिन्न आयामका विषयमा प्राविधिक सल्लाह दिने तथा ज्ञान, सिप र प्रविधि विस्तार गर्ने,

(ङ) तालिम, अध्ययन, अनुसन्धानमूलक कार्यक्रम कार्यान्वयनमा सहभागी हुने,

(च) इन्टर्नको हकमा शैक्षिक संस्थाको नियम अनुसार प्रस्ताव, प्रतिवेदन वा शोधपत्र तयार गरी बुझाउने,

(छ) सुपरिवेक्षकले तोकेका अन्य कार्यहरू गर्ने।

(२) केन्द्रले इन्टर्न, अनुसन्धानकर्ता तथा शोधकर्तालाई परिचय पत्रको व्यवस्था गर्नेछ।

१६. <u>इन्टर्न, अनुसन्धानकर्ता तथा शोधकर्ताको अवधि तोक्ने</u> : (१) इन्टर्नको अवधि बढीमा एक वर्षको हुनेछ।

(२) अनुसन्धानकर्ताको अवधि बढीमा दुई वर्षको हुनेछ र केन्द्रले आवश्यक ठानेमा कार्यक्रम सञ्चालन समितिको सिफारिसमा बढीमा छ महिना थप गर्न सक्नेछ।

(३) केन्द्रले इन्टर्नशिपको समय निर्धारण गर्दा सम्बन्धित शैक्षिक संस्थानसँग समन्वय गरी गर्नेछ।

१७. <u>इन्टर्न, अनुसन्धानकर्ता तथा शोधकर्ता परिचालन गर्ने कार्य क्षेत्रगत शर्त निर्धारण</u> : (१) इन्टर्न, अनुसन्धानकर्ता तथा शोधकर्ता परिचालन गर्ने क्षेत्र वा उप-क्षेत्र तथा कार्य विवरणका शर्त समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(२) प्रत्येक इन्टर्न, अनुसन्धानकर्ता तथा शोधकर्ताको लागि सुपरिवेक्षणकर्ता तोकी निजको परिचालन, अनुगमन तथा निरीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

(३) इन्टर्नले आफ्नो कार्यविवरण अनुसारको कार्य प्रगति प्रतिवेदन प्रत्येक महिना केन्द्र तथा शैक्षिक संस्थानले तोकेका सुपरिवेक्षक समक्ष पेश गर्नुपर्नेछ।

(४) शोधकर्ता तथा अनुसन्धानकर्ताले आफ्नो कार्य विवरण अनुसारको कार्य प्रगति प्रतिवेदन प्रत्येक महिना प्रस्तुतीकरण गरी सुपरिवेक्षक मार्फत केन्द्रमा पेश गर्नुपर्नेछ।

(५) अनुसन्धानबाट प्रकाशित जर्नल लेख, प्रतिवेदन, शोधपत्र वा अन्य प्रकाशनमा केन्द्रलाई आवश्यक कृतज्ञता (एकनलेजमेन्ट) दिनुपर्नेछ।

(६) अनुसन्धानबाट प्राप्त तथ्याङ्क, जिआइएस डाटावेस, मोडेल, स्क्रिप्ट तथा अन्तिम प्रतिवेदन एवम् सोको डिजिटल प्रति केन्द्रमा बुझाउनुपर्नेछ।

परिच्छेद - ७

<u>सेवा सुविधा र खर्च सम्बन्धी व्यवस्था</u>

१८. <u>अनुसन्धानकर्ता तथा इन्टर्नको सेवा, सुविधा</u> : (१) इन्टर्नको मासिक सुविधा राजपत्राङ्कित तृतीय श्रेणी र अनुसन्धानकर्ताको मासिक सुविधा राजपत्राङ्कित द्वितीय श्रेणी सरह हुनेछ।

(२) इन्टर्न, अनुसन्धानकर्ता तथा शोधकर्ताको लागि प्रचलित कानून बमोजिम आवश्यक लजिस्टिक तथा मसलन्द, सुविधा उपलब्ध गराउन सकिनेछ।

(३) इन्टर्न तथा अनुसन्धानकर्ताले सार्वजनिक विदा बाहेक सम्झौता अवधिमा मासिक दुई दिनका दरले बिदा पाउनेछ।

(४) उपदफा (३) बमोजिमको विदा सुपरिवेक्षकको सिफारिसमा केन्द्रले स्वीकृत गर्नेछ।

(५) इन्टर्न वा अनुसन्धानकर्ताले यस्तो विदा आवश्यकता अनुसार एकैपटक वा पटक पटक गरी लिन सक्नेछ।

(६) केन्द्रले इन्टर्न वा अनुसन्धानकर्ताको पारिश्रमिक वा अन्य सुविधाको भुक्तानी निजको बैङ्क खाता मार्फत गरिनेछ।

(७) उपदफा (६) बमोजिमको भुक्तानी इन्टर्न वा अनुसन्धानकर्ताको मासिक प्रगति प्रतिवेदन सुपरिवेक्षको सिफारिसमा केन्द्रलाई प्राप्त भए पश्चात हुनेछ।

(८) केन्द्रको सहमतिमा सुपरिवेक्षक सह-लेखक हुने गरी इन्टर्न वा अनुसन्धानकर्ताले गरेको अध्ययन अनुसन्धानबाट प्राप्त नतिजालाई ख्याति प्राप्त (वेव अफ साइन्स वा स्कोपसमा सूचिकृत) अन्तर्राष्ट्रिय जर्नलमा पेश वा प्रकाशन गर्नुपर्नेछ।

(९) उपदफा (८) बमोजिमको प्रकाशनमा केन्द्रले कुनै आर्थिक दायित्व लिने छैन।

नेपाल सरकार
अर्थ मन्त्रालय तथा सिंचाई
२०७४
डा. विराज भक्त श्रेष्ठ
मन्त्री

तर प्रकाशन गरे बापत इन्टर्न तथा अनुसन्धानकर्ता, प्रोजेक्ट इन्टर्न तथा थेसिस इन्टर्नलाई दुई किस्तामा जम्मा रू. बीस हजार प्रति शोधपत्र (जर्नलमा पेश गरेबापत रु. पाँच हजार र प्रकाशन भए पश्चात रु. पन्ध्र हजार) प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ।

(१०) इन्टर्न तथा अनुसन्धानकर्तालाई अनुसन्धान सम्बन्धी कुनै सफ्टवेयर वा इक्युपमेन्ट वा निर्माण कार्य तथा निर्माण सामाग्री आवश्यक पर्ने भएमा सुपरिवेक्षकको सिफारिसमा केन्द्रले उपलब्ध गराउन सक्नेछ।

परिच्छेद - ८

विविध

१९. <u>विश्वविद्यालयसँग सहकार्य गर्ने व्यवस्था</u> : (१) केन्द्रले आयोगको सचिवालयसँग स्वीकृति लिई विश्वविद्यालयसँग सहकार्य गरी अनुसन्धान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धानको कार्य केन्द्र र विश्वविद्यालय बीचको सम्झौता बमोजिम हुनेछ।

२०. <u>जलस्रोत अनुसन्धान विकास र नवप्रवर्तन अनुदान सम्बन्धी व्यवस्था</u> : (१) केन्द्रले नवप्रवर्तनमा आधारित अनुसन्धान गर्न अनुसन्धानकर्तालाई एक वर्षभित्र अनुसन्धान सम्पन गर्ने समयावधि राखी अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जलस्रोत अनुसन्धान विकास र नवप्रवर्तन अनुदानमा बार्षिक बढिमा पाँच वटा प्रस्ताब वा परियोजनालाई प्रति अनुसन्धान बढीमा पाँच लाखका दरले अनुदान दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको अनुदानको छनौट प्रक्रिया अनुसूची-५ बमोजिम हुनेछ।

२१. <u>अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने</u> : (१) शैक्षिक संस्थाले तोकेका सुपरिवेक्षकले शोध, अनुसन्धान तथा इन्टर्नशिपमा रहेका विद्यार्थीको केन्द्रमा आई अनुगमन, मूल्याङ्कन गरी पृष्ठपोषण दिन सक्नेछ।

(२) केन्द्रले शैक्षिक संस्थासँग समन्वय गरी शोध, अनुसन्धान तथा इन्टर्नशिपको संयुक्त अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनेछ।

२२. <u>प्रतिवेदन बुझाउनु पर्ने</u> : इन्टर्न, अनुसन्धानकर्ता तथा शोधकर्ताले आफूलाई तोकिएको कार्यविवरण अनुसारको कार्य सम्पन्न पश्चात केन्द्रलाई शोध वा अनुसन्धान प्रतिवेदन बुझाउनुपर्नेछ र केन्द्रले सो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

अनुसूची-१

(दफा ५ र ७ सँग सम्बन्धित)

प्रस्तावमा समावेश हुनुपर्ने विवरण

(१) केन्द्रले तोकेको ढाँचामा सम्बन्धित आवेदकको आवेदनपत्र,

(२) आवेदकको स्नातक र सोभन्दा माथिल्लो शैक्षिक योग्यताको लब्धाङ्कपत्र तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

(३) विदेशी विश्वविद्यालयबाट प्राप्त उपाधिको हकमा नेपाल सरकारको आधिकारिक संस्थाले दिएको समकक्षता,

(४) नेपाली नागरिकताको प्रतिलिपि,

(५) आवेदकको व्यक्तिगत विवरण (बायोडाटा),

(६) शोधकर्ता वा अनुसन्धानकर्ताको हकमा शैक्षिक संस्थानमा कार्यरत प्राध्यापकको सिफारिस पत्र,

(७) अनुसन्धानकर्ताको हकमा केन्द्रले माग गरेको अनुसन्धानको विषयमा अनुसन्धान कार्यविधि, कार्ययोजना तथा अपेक्षित परिणाम सहितको अनुसन्धान प्रस्ताव,

(८) शोधकर्ताको हकमा अनुसन्धानको विषयमा अनुसन्धान सोधपत्र बढीमा २५०० शब्दको तथा विद्यावारिधिको विषयसँग सम्बन्धित व्यावसायिक कार्ययोजना बढिमा ५००० शब्द नबढाई तथा विद्यावारिधि अध्ययनार्थ तयार गरिएको स्वीकृत प्रस्ताव डिजिटल प्रति सहित १ प्रति,

(९) इन्टर्नको हकमा केन्द्रले तोकेको ढाँचामा हाल अध्यनरत शैक्षिक संस्थानको सिफारिस पत्र,

(१०) इन्टर्नको हकमा प्रोजेक्ट वा थेसिससँग सम्वन्धित शैक्षिक संस्थानको सुपरीवेक्षकबाट स्वीकृति भएको अनुसन्धान कार्यविधि, कार्ययोजना तथा अपेक्षित परिणाम सहितको प्रोजेक्ट वा थेसिसको प्रस्ताव,

(११) नेपालको कुनै शैक्षिक संस्थानमा अध्ययन बिदा नलिइकन अध्ययनरत कर्मचारीहरूको हकमा सम्बन्धित विभाग वा मन्त्रालयको सिफारिसपत्र वा स्वीकृति पत्र,

(१२) इन्टर्नको लागि छनौट भएका कुनै सरकारी कर्मचारीका हकमा आफू कार्यरत निकायको पूर्व स्वीकृतिको जनाकारी पत्र।

अनुसूची-२

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

इन्टर्नको छनौट सूचकहरू

क्र.स.	मूल्याङ्कन/ छनौटका सूचकहरु	अधिकतम अङ्कभार	अङ्कभार विभाजन
१	स्नातक तहको शैक्षिक योग्यता	२०	प्रथम- २०, द्वितीय-१५, तृतीय-१०
२	स्नातकोत्तर तहको वा स्नातकोत्तर तह अन्तिम वर्ष वा सेमेस्टर भन्दा पहिलेको शैक्षिक स्तर	३०	प्रथम-३०, द्वितीय-२५, तृतीय-२०
३	पेश भएको इन्टर्नशिप वा प्रस्ताव	४०	समितिले मूल्याङ्कन गर्ने
४	प्रस्तुतीकरण	१०	समितिले मूल्याङ्कन गर्ने
	जम्मा	१००	

अनुसूची-३

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

अनुसन्धानकर्ताका प्रस्ताव/आशय पत्रहरूको मूल्याङ्कन तथा छनौट मापदण्ड

क्र.स.	मूल्याङ्कन वा छनौटका सूचक	अधिकतम अङ्कभार	अङ्कभार विभाजन
१	शैक्षिक योग्यता	२०	विद्यावारीधि - २०, स्नातकोत्तर - १५
२	सम्बन्धित क्षेत्रको अनुसन्धान कार्यानुभव	१०	५ वर्ष भन्दा बढी – १०, ३-५ वर्ष – ८, ३ वर्ष भन्दा कम - ५
३	सम्बन्धित क्षेत्रमा गरेको अनुसन्धान कार्य (राष्ट्रिय/अन्तर्राष्ट्रिय ख्यातीप्राप्त जर्नलमा प्रकाशित) सङ्ख्या	२०	५ वटा भन्दा बढी – २०, ३ - ५ वटा – १५, ३ वटा भन्दा कम - १०
४	पेश भएको अनुसन्धान प्रस्ताव	४०	समितिले निर्धारण गर्ने
५	प्रस्तुतीकरण	१०	समितिले निर्धारण गर्ने
	जम्मा	१००	

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
२०७४

अनुसूची-४

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

शोधकर्ताको प्रस्तावको मूल्याङ्कन तथा छनौट मापदण्ड

क्र.स.	मूल्याङ्कन/ छनौटका सूचक	अधिकतम अङ्कभार	अङ्कभार विभाजन
१	शैक्षिक योग्यता	२०	स्नातकोत्तर विशिष्ट श्रेणी-२०, प्रथम श्रेणी-१५, द्वितीय श्रेणी- १०
२	सम्बन्धित क्षेत्रको अनुसन्धान कार्यानुभव	१०	५ वर्ष भन्दा बढी – १०, ३-५ वर्ष – ८, ३ वर्ष भन्दा कम - ५
३	सम्बन्धित क्षेत्रमा गरेको अनुसन्धान कार्य (पियर रिभ्युड राष्ट्रिय वा अन्तर्राष्ट्रिय ख्यातीप्राप्त जर्नलमा प्रकाशित) सङ्ख्या	२०	५ वटा भन्दा बढी – २०, ३ - ५ वटा – १५, ३ वटा भन्दा कम - १०
४	पेश भएको अनुसन्धान सोचपत्र तथा व्यावसायिक कार्ययोजना	४०	समितिले मूल्याङ्कन गर्ने
५	प्रस्तुतीकरण	१०	समितिले मुल्याङ्कन गर्ने
	जम्मा	१००	

(क) शोध अनुदान आवेदनका साथ आवेदकले देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ :-

(१) केन्द्रको उद्देश्यसँग मेल हुने पच्चिस सय शव्दमा नबढाई तयार गरिएको जलस्रोत अनुसन्धान सम्बन्धित सोचपत्र (भिजन स्टेटमेन्ट) तथा पाँच हजार शव्द नबढाई तयार गरिएको विधावारिधी सम्बन्धित व्यावसायिक कार्ययोजना (बिजनेश प्लान),

(२) विधावारिधि अध्ययननार्थ तयार गरिएको स्वीकृत प्रस्ताव डिजिटल प्रतिसहित,

(३) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(४) स्नातकोत्तर र सोभन्दा माथिको शैक्षिक प्रमाणपत्रको प्रतिलिपि र श्रेणी खुल्ने कागजात,

(५) विश्वविद्यालयले प्रस्ताव स्वीकृत गरेको व्यहोरा खुल्ने पत्रको प्रतिलिपि,

मा. विराज भक्त श्रेष्ठ
मन्त्री

अनुसूची – ५

(दफा २० को उपदफा (३) सँग सम्बन्धित)

जलस्रोत अनुसन्धान विकास र नवप्रवर्तन अनुदानको छनौट मापदण्ड

१. छनौट विधि : यस कार्यक्रम अन्तर्गत व्यक्ति वा संस्थाले प्रस्तुत गरेका नवप्रवर्तनमुखी अनुसन्धान प्रस्ताबको छनौट निम्न विधिहरू अपनाई गरिनेछः-

(क) प्रस्तावहरूको प्रारम्भिक जाँच : प्रस्ताव जलस्रोतसँग सम्बन्धित, एक वर्षभित्र सम्पन्न हुने र अनुदान सिमाभित्र रहेको।

(ख) प्राविधिक मूल्याङ्कन : प्रारम्भिक जाँचमा उत्तीर्ण प्रस्तावहरूको समितिद्वारा तोकिएको मापदण्डको आधारमा प्राविधिक र वित्तीय मूल्याङ्कन गरिनेछ।

(ग) प्रस्तुतीकरण : नवप्रवर्तनकर्तालाई प्रस्तावको विषयमा प्रस्तुतीकरण गर्न लगाइनेछ।

(घ) अन्तिम स्वीकृति : समितिको सिफारिस अनुसार केन्द्रबाट वर्षेनी ५ वटा परियोजनालाई अन्तिम स्वीकृति प्रदान गरिनेछ।

२. छनौट मापदण्ड र अङ्क विभाजन

प्रतिस्पर्धाका आधारमा प्राप्त भएका प्रस्तावहरूको मूल्याङ्कन निम्न बमोजिमका सय अङ्कको मापदण्डमा गरिनेछः-

क्र. स.	मूल्याङ्कन वा छनौटका सूचक	मापदण्डको विवरण	अङ्कभार विभाजन
१	नवप्रवर्तन र मौलिकता	जलस्रोत तथा ऊर्जा क्षेत्रको समस्या समाधानप्रति लक्षित नयाँ प्रविधि, उत्पादन वा सेवाको आविष्कार र परिष्कारको मौलिकता र नवप्रवर्तनको स्तर,	३०
२	प्राविधिक र वैज्ञानिक विधि	अनुसन्धान वा नवप्रवर्तन गर्न अपनाइएको विधि, आधारभूत अनुसन्धानको आवश्यकता, डिजाइन, र प्रयोगशालामा आधारित परिक्षण विधिहरूको वैज्ञानिक उपयुक्तता।	२०
३	समस्या समाधान र	अनुसन्धानबाट उत्पादित नतिजा वा उत्पादनले जलस्रोत तथा ऊर्जा क्षेत्रको वास्तविक समस्या	२०

नेपाल सरकार
जलस्रोत तथा सिंचाई मन्त्रालय
२०७७

मा. विराज भक्त श्रेष्ठ
मन्त्री

	प्रभाव	समाधान गर्न सक्ने अवस्था र यसको आर्थिक तथा सामजिक प्रभाव।	
	कार्यतालिका र सम्भाव्यता	प्रस्तावित कार्य एक वर्षभित्र पूरा गर्न सकिने स्पष्ट र व्यावहारिक कार्यतालिका, अनुसन्धानकर्ताको दक्षता र पूर्वअनुभव।	१०
४	अपेक्षित नतिजा र प्रभाव	अनुसन्धानबाट प्राप्त हुने नतिजाको व्यावहारिक प्रयोग योग्यता, नीति निर्माणमा योगदान, र अनुसन्धान संस्कृति प्रवर्धनमा पर्ने प्रभाव।	१०
५	कार्यतालिका र बजेट उचितता	उपलब्ध अनुदान प्रस्तावित कार्यको लागि पर्याप्त, भएको वा नभएको।	१०
		जम्मा	१००

नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

(कानून तथा फैसला कार्यान्वयन शाखा)

फोन नं. | ९७७-१-४२११५१६
९७७-१-४२११५३१

फ्याक्स : ९७७-१-४२११५१०

सिंहदरबार, काठमाण्डौ

प.सं.: २०८३/८४(कानून)

च.नं.: १६४

मितिः- २०८३/०७/०९

नेपाल सरकार नेसं. ११४६
जल विज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्र
दर्ता: ४२०
मिति: २०८३/६/१२

श्री जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र,
बबरमहल, काठमाडौं।

विषयः कार्यविधि पठाइएको सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा "जलस्रोत तथा ऊर्जा क्षेत्रसँग सम्बन्धित अनुसन्धान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" यस मन्त्रालयको माननिय मन्त्रीस्तरवाट मिति २०८३/०६/२९ मा स्वीकृत भएकोले सो कार्यविधिको छायाप्रति यसै पत्रसाथ संलग्न गरी तहाँ पठाइएको व्यहोरा अनुरोध छ।

.....
(खिमानन्द जवाली)
उप-सचिव (कानून)

☐ जल तथा हिम विज्ञान महाशाखा
☐ बाढी पूर्वानुमान महाशाखा
☑ जलस्रोत अनुसन्धान तथा क्षमता विकास महाशाखा
☐ राष्ट्रिय जलस्रोत प्रयोगशाखा
☐ प्रशासन शाखा / ☐ स्टोर शाखा
☐ आर्थिक प्रशासन शाखा

Email: lawmoewri@gmail.com